प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ – ११
चलानी नं. : ५४१

CDS and Clearing Ltd.

## प्रेस बिज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले लगानीकर्ताको लागि तयार गरेको मेरो शेयर सफ्टवेयर लाई अनाधिकृत रुपमा मोवाईल एप वनाई गुगल प्लेस्टोरमा अपलोड गरिएको सम्बन्धमा यस लि. को गम्भीर ध्यानाकर्षण भएको छ । प्लेस्टोरमा Little d Bussiness को नामबाट मेरो शेयर नाम राखि यस लि को लोगो समेत प्रयोग गरि अपलोड गरिएको यस अनधिकृत एप सिडिएससि को आधिकारिक सफ्टवेयर https://meroshare.cdsc.com.np लाई नै मोवाईलमा प्रयोग गर्ने गरि तयार गरिएको देखिन आएकोले हाल सम्म लगानीकर्ताको विवरण सुरक्षित नै रहेको भएतापनि यस किसिमका अनाधिकृत सफ्टवेयरले प्रयोगकर्ताको व्यक्तिगत तथा हितग्राहि खाता सम्बन्धी विवरणको सुरक्षामा कुनैपनि बखत गम्भीर असर पर्न सक्ने हुनाले उक्त एपलाई तत्काल बन्द गराउनका लागि आवस्यक कदम चालीसकिएको व्यहोरा जानकारी गराउदछौं ।

हाल सम्म यस लि. वाट कुनै पनि मोवाईल एप नबनाईएको तथा कसैलाई बनाउनका लागि समेत अनुमति नदिईएको र यस किसिमका अनधिकृत सफ्टवेयरको प्रयोगले प्रयोगकर्ताको व्यक्तिगत तथा हितग्राहि खाता सम्बन्धी विवरणको सुरक्षामा गम्भीर असर पर्न सक्ने हुनाले सम्पूर्ण लगानिकर्ता महानुभावहरुलाई यस किसिमका अनधिकृत सफ्टवेयर डाउनलोड तथा प्रयोग नगर्नुहुन अनुरोध गर्दछौं । साथै लगानीकर्ताको सुविधाको लागि निकट भविष्यमा नै यस लि ले आफ्नै आधिकारिक मोवाईल एप तयार गरि प्रयोगमा ल्याउने व्यहोरा जानकारी गराऊदछौं ।

मिति : २०७५/०३/१९

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com